**राष्ट्रिय परीक्षा बोर्ड**
**प्रदेश परीक्षा व्यवस्थापन कार्यालय**
**कोशी प्रदेश विराटनगर मोरङ**

## जिन्सी सामानहरुको लिलाम बिक्री सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०८३।०३।१२**

यस कार्यालयको जिन्सी खातामा आम्दानी बाँधिएका एवम् जेन-जी प्रदर्शनको क्रममा आगलागी तथा तोडफोड भएका मालसामानहरु जे जस्तो अवस्थामा छन् सोहि अवस्थामा लिलाम बिक्री गरिने भएकोले ईच्छुक नेपाली नागरिक , संघ संस्था, फर्महरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र बोलपत्र खरिद गरि आफूले कबोल गर्ने मूल्य खुलाई सिलबन्दी गरि राष्ट्रिय परीक्षा बोर्ड प्रदेश परीक्षा व्यवस्थापन कार्यालय, विराटनगर, मोरङमा तपसिल बमोजिम पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

- मालसामानको विवरणः कार्यालयमा आगजनी भई पूर्ण रुपमा नष्ट भएका तपसिलका मालसामानहरू

| क्र.सं. | लिलाम बिक्री गर्नुपर्ने सामन | परिमाण | इकाइ | प्रति गोटा तौल (केजिमा) | जम्मा तौल (केजिमा) |
|---|---|---|---|---|---|
| १ | सवारी साधन बा.२भ ४६४३ महिन्द्रा | १ | थान | १२५०।०० | १२५०।०० |
| २ | फोटोकपी मेशिन | १ | थान | १०।०० | १०।०० |
| ३ | इप्सन २१९० प्रिन्टर | २ | थान | १।०० | २।०० |
| ४ | प्रिन्टर क्यानन (दुवै साइड प्रिन्ट गर्ने) | २ | थान | २।०० | ४।०० |
| ५ | साधारण प्रिन्टर | ३ | थान | ३।०० | ९।०० |
| ६ | इप्सन ३१० प्रिन्टर | २ | थान | २।०० | ४।०० |
| ७ | कम्प्यूटर सेट | ७ | थान | १।०० | ७।०० |
| ८ | वाल फ्यान | २ | थान | १।०० | २।०० |
| ९ | स्टेन फ्यान फरटा | ५ | थान | १।०० | ५।०० |
| | | जम्मा | | | १२९३।०० |

- मालसामानको न्यूनतम मूल्य रु. ५४,३०६।—(मू.अ.कर बाहेक)
- ईच्छुक बोलपत्रदाताले बोलपत्र फाराम राष्ट्रिय परीक्षा बोर्ड प्रदेश परीक्षा व्यवस्थापन कार्यालय विराटनगर मोरङ बाट प्रथम पटक सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयभित्र फिर्ता नहुने गरी रु १०००। —(अक्षरेपी एक हजार) मात्र राष्ट्रिय बाणिज्य बैंक को राजस्व खाता नं २२५०१००००१४४००१ मा जम्मा गरेको सक्कलै भौचर बुझाई खरिद गर्न सक्नेछ।
- ईच्छुक फर्मको दर्ता प्रमाणपत्र वा व्यक्ति भएमा नागरिकताको प्रमाणपत्रको प्रतिलिपिहरु संलग्न राखी बोलपत्र फाराम खरिदको लागि निवेदन पेश गर्नुपर्नेछ।
- लिलाममा भाग लिन इच्छुक व्यक्ति तथा संघ संस्थाहरुले आफुले कबोल गर्ने मूल्यको १० % ले हुने रकम बैंक ग्यारेन्टी वा धरौटी जम्मा गरेको हुनुपर्नेछ।

**धरौटी जम्मा गर्ने खाताको विवरण**

- बैंक- राष्ट्रिय बाणिज्य बैंक, वरगाछी।खाता नं.- २२५०१००००१४३९००१
- कार्यालयः- राष्ट्रिय परीक्षा बोर्ड प्रदेश परीक्षा व्यवस्थापन कार्यालय, विराटनगर मोरङ।
- बोलपत्र प्रकाशित भएको मितिले सातौ दिन मिति २०८३।०३।१८ गते बेलुका ५:०० बजे भित्र यस कार्यालयमा दर्ता गरिसक्नुपर्नेछ।
- कार्यालयमा दर्ता भएका बोलपत्रहरु आठौं दिन मिति २०८३।०३।१९ गते दिउसो १ :०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ।तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
- लिलाम सकार गर्ने व्यक्ति, संघ संस्था, फर्महरुले तीन दिन भित्र कबोल गरिएको सम्पूर्ण राजस्व रकम, सोमालाग्ने १३% मू.अ.कर रकम समेत राष्ट्रिय वाणिज्य बैंक २२५०१००००१४४००१ मा जम्मा भएको बैंक भौचर पेश गरी सामान उठाई लैजानुपर्नेछ।

**-निर्देशक-**